प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट भएका गतिविधिहरु

### मिति २०७६/१२/१५ गते

१. गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यू र सामाजिक विकास मन्त्रि माननीय नरदेवी पुन ले आकस्मिक रुपमा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) मा कोभिड - १९ पुर्वतयारी तथा प्रतिकार्यका लागि भैरहेका गतिविधिहरुको निरिक्षण गर्नुभयो। सो क्रममा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा विनोद विन्दु शर्माले PHEOC ले दैनिक रुपमा सूचना संकलन, व्यवस्थापन र सम्प्रेषण गरिरहेको, अस्पताल, स्वास्थ्यकर्मी, हेल्थ डेस्क, ज्वरो क्लिनिक, क्वारेन्टाइनस्थल लगायत संग निरन्तर सम्पर्क र समन्वय गरिरहेको जानकारी प्रदान गर्नुभएको थियो।





२. गण्डकी प्रदेशमा समेत १ जना संक्रमित भेटिईसकेको सन्दर्भमा द्रुत प्रतिकार्य टोलि परिचालन, Contact Tracing लगायतका कार्यहरु शुरुवात भैसकेको छ।

३. मिति २०७६/१२/१० गते गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्युको अध्यक्षतामा बसेको कोरोना भाइरस, रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय निर्देशक समितको बैठकको निर्णय अनुसार प्रदेश अन्तर्गत ५० शैया र सो भन्दा माथिका सम्पूर्ण अस्पतालबाट कोभिड - १९ सम्भावित महामारी, क्वारेन्टाइनस्थल, आइसोलेसन वार्ड लगायतका स्थानहरुमा खटाउनको निम्ति गण्डकी प्रदेशस्थित हब तथा स्याटेलाइट अस्पतालहरुसंग चिकित्सक, नर्स, पारामेडिक्स, प्रयोगशाला प्राविधिक लगायत १० जना सम्मिलित द्रुत प्रतिकार्य टोलि (RRT) को विवरण संकलन गरि तयारी अवस्थामा राखिएको छ।

४. मिति २०७६/१२/१४ गतेसम्म जम्मा १०५ जनाले **"हेल्लो डाक्टर"** सेवा मार्फत कोभिड - १९ तथा अन्य स्वास्थ्य सम्बन्धि परामर्श लिएका छन्।

**नबराज शर्मा**
**स्वास्थ्य शिक्षा प्रशिक्षक**
**स्वास्थ्य निर्देशानालय, पोखरा**